# कुश्मा नगरपालिकाको नगर सभाको एघारौं अधिवेशनमा

## नगर प्रमुख

## श्री रामचन्द्र जोशीद्वारा प्रस्तुत गरिएको

## आ. व. २०८१/०८२ को नीति तथा कार्यक्रम

कुश्मा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

कुश्मा, पर्वत

२०८१/०३/०७

**कुश्मा नगरपालिकाको एघारौं नगरसभाका**
**सदस्य ज्यूहरु,**

जनतासँग प्रत्यक्ष र नजिकबाट सरोकार राख्ने स्थानीय तहको महत्व, भावना र सार्थकता सम्पूर्ण सर्वसाधरणमा समेत बोध गराउने यस गरीमामय नगर सभाको एघारौं अधिवेशनमा नगरसभाका सदस्य ज्यूहरुलाई हार्दिक स्वागत गर्दछु ।

कुश्मा नगरपालिकाको नगर प्रमुखको हैसियतले आ.व. २०८१/०८२ को नीति तथा कार्यक्रम यस सम्मानित सभामा आठौं पटक प्रस्तुत गर्न पाउँदा गौरवको अनुभूति गरेको छु । यस महत्वपूर्ण घडीमा राष्ट्रको आर्थिक, सामाजिक, साँस्कृतिक रुपान्तरण र राजनीतिक परिवर्तनका लागि इतिहासका विभिन्न कालखण्डमा भएका आन्दोलनमा जीवन उत्सर्ग गर्ने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरुप्रति सम्मानका साथ भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु।

लोकतन्त्रको आधारभूत मूल्य मान्यताको सम्मान, मानव अधिकारको संरक्षण, सुशासन, सामाजिक न्याय र समृद्धि हासिल गर्नका लागि कुश्मा नगरपालिकाको **समृद्ध सुन्दर कुश्मा नगर** को दीर्घकालीन सोच पूरा गर्ने तर्फ प्रतिवद्ध रही नागरीकले अनुभूत गर्ने गरी दुरगामी र महत्वपूर्ण प्रभाव पार्ने कार्यक्रम निरन्तर रुपमा गरीएकोछ ।

सुशासनलाई संस्थागत गर्न, विकास निर्माणलाई गति दिन र सेवा प्रवाहमा सारभूत र आम जनताले अनुभूति गर्न सक्ने गरी सुधार गर्न नगरपालिका स्पष्ट कार्ययोजना सहित अघि बढेको छ ।स्थानीय जनताको सार्वभौम अधिकारलाई मध्यनजर गर्दै चुस्त, दुरुस्त र प्रभावकारी सेवा प्रवाह गर्न स्थानीय सरकारको हैसियतले विभिन्न संरचनागत, नीतिगत, कानुनी, प्रशासनिक तथा व्यवस्थापकीय कार्य सम्पादन गर्दै आइरहेको छ।

निरन्तरता दिनुपर्ने विगतदेखि संचालित आवश्यक कार्यक्रमहरुको निरन्तरता दिंदै नगरसभा, नगरकार्यपालिका, शाखा र वडास्तरबाट सम्पादन गर्नुपर्ने काम कारवाहीलाई प्रभावकारी रुपमा सम्पादन गर्न प्राथिमकता दिइएको छ। कार्यपालिका अन्तर्गतका विषयगत समितिहरुको भूमिकालाई थप प्रभावकारी र सक्रिय हुने संस्थागत पद्धतिको विकास गरीएको छ । जनतासँग प्रत्यक्ष सम्पर्क रहने वडा कार्यालयहरुको क्षमता विकास र श्रोत साधनमा वृद्धि गरी प्रणालीको विकास गर्ने नीति अवलम्वन गर्ने कार्यलाई विशेष प्राथमिकतामा राखिएको छ ।

विषयगत क्षेत्रहरुका लागि विशेष नीति तथा कार्यक्रम प्रस्ताव गरीएको छ । जसको प्रभावकारी कार्यान्वयनबाट नगरको आर्थिक, सामाजिक, भौतिक, राजनीतिक लगायत समग्र विकासमा टेवा पुग्ने विश्वास गरेको छु ।

**नगरसभा सदस्य ज्यूहरु,**

स्थानीय स्रोत र साधनको प्रभावकारी परिचालन गरी प्राप्त उपलब्धिको समतामूलक वितरण र वातारणमैत्री विकासमा केन्द्रित हुँदै स्थानीय सरकार संचालन ऐनमा उल्लेखित काम, कर्तव्य र अधिकार, नगरपालिकाको वित्तीय अधिकारक्षेत्रका मार्गदर्शन, कुश्मा नगरपालिकाले अघि बढाएका नीति तथा कार्यक्रमहरुको समीक्षा, प्राप्त उपलब्धि र कार्यान्वयनबाट हासिल गरेका अनुभव तथा नेपाल सरकार र प्रदेश सरकारको चालु आवधिक योजना, कुश्मा नगरपालिकाको दीर्घकालीन सोच, रणनीनिक योजना, आवधिक योजना र दिगो विकासका लक्ष्यहरुमा आधारित भई यो नीति तथा कार्यक्रम तर्जुमा गरीएको छ ।

उल्लेखीत पृष्ठभूमिमा आधारित भई कुश्मा नगरपालिकाको आर्थिक बर्ष २०८१/८२ को क्षेत्रगत नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु।

**नगरसभा सदस्य ज्यूहरु,**

**(क) संस्थागत विकास तथा सुशासनतर्फ**

१. जनमैत्री तथा नागरीकले अनुभूति गर्ने गरी गुणस्तरीय सेवा प्रवाह गर्न कुश्मा नगरपालिकाको आधुनिक र सुविधासम्पन्न प्रशासकीय भवन निर्माण कार्य तिव्रताका साथ अगाडि बढाइनेछ ।

२. कुश्मा नगरपालिका भित्रका आफ्नै वडा कार्यालय भवन नभएका वडाहरुमा जग्गा व्यवस्थापन गरी वडा कार्यालय भवन निर्माणको कार्यलाई अगाडि बढाइनेछ ।

३. नगरपालिका र सो अन्तर्गतका कार्यालयको सेवा प्रवाह तथा कामकारबाही सम्बन्धमा नियमित रुपमा सार्वजनिक सुनुवाई, सार्वजनिक परिक्षण, तेस्रो पक्ष मुल्याङ्कन, सेवाग्राही सन्तुष्टि सर्वेक्षण तथा सामाजिक परिक्षण जस्ता कार्यक्रमहरु संचालन गरी नागरीकहरुबाट सार्वजनिक सेवा प्रवाहको मुल्याङ्कन कार्यलाई प्रभावकारी वनाई सुशासनको प्रत्याभूति दिईनेछ ।

४. नगरपालिका र अन्तर्गतका कार्यालयबाट प्रवाह हुने सेवा, विकास निर्माण र शासन सञ्चालनमा भ्रष्ट्राचारविरुद्धको शून्य सहनशीलताको नीतिलाई कार्यान्वयन गरीनेछ ।

५. नगरपालिकाको आफ्नो कार्यबोझ राजश्व क्षमता, खर्चको आकार, स्थानीय आवश्यकता र विशिष्टतालई समेत ध्यानमा राखी संगठन तथा व्यवस्थापन सर्वेक्षण **( O&M )** तयार गरी सो अनुरुप कर्मचारी व्यवस्थापन गरीनेछ ।

६. कुश्मा नगरपालिकामा सेवा करारमा कार्यरत कर्मचारीहरुको योगदानको उच्च सम्मान गर्दै सामाजिक सुरक्षा प्रणालीमा आवद्धता गराईनेछ ।

७. संघीय सरकार र प्रदेश सरकारबाट अभ्यासमा ल्याइएका स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि, **( LISA)** स्थानीय तह वित्तिय जोखिम सूचकांक **(FRA),-** स्थानीय आर्थिक विकास ( LED) को कार्यविधि अनुरुप नगरपालिकाको कामकारबाहीलाई नतिजामुलक बनाइनेछ ।

८. नगरपालिका, वडा कार्यालय र सेवा केन्द्रहरुबाट हुने खरिद कार्यलाई खरिद एकाई मार्फत एकद्वार बनाउन खरिद गुरुयोजना निर्माण गर्ने, **E- bidding** प्रणाली अवलम्वन गर्ने तथा खरिद

भएका मालसामान र सामग्रीहरु **PAMS Software मा प्रविष्ट गर्ने कार्यलाई** प्रभावकारी रुपमा लागू गरीनेछ ।

९. नगरसरकारका कामकारबाहीलाई पारदर्शी बनाउन प्रत्येक त्रैमासिकमा सम्पन्न गरेका क्रियाकलापलाई स्वत: प्रकाशन गरी नागरीक पहुँच अभिवृद्धि गरीनेछ ।

१०. उजुरी, गुनासो तथा सुझावको शिघ्र सम्बोधन गरी ४८ घण्टाभित्र अनिवार्य सुनुवाई हुने व्यवस्था मिलाई सूचनाको हकको प्रभावकारी कार्यान्वयन मार्फत सुशासन प्रवर्द्धन गरीनेछ ।

११. तीन लाख रुपैयाँ सम्म लागत अनुमान भएका योजना सम्झौता वडा कार्यालय मार्फत गरीने कार्यलाई निरन्तरता दिइनेछ ।

१२. कुश्मा नगरपालिकाको संगठन संरचना, स्वीकृत दरबन्दी र पदाधिकारी तथा प्रशासनिक इकाईहरुको कार्यविवरण तयार गरी प्रभावकारी रुपमा कार्यान्वयन गरीनेछ ।

१३. राष्ट्रसेवक कर्मचारीबाट वाञ्छित लक्ष्य हासिल गर्न कार्यसम्पादन तथा नतिजामा आधारित प्रोत्साहन प्रणाली अवलम्वन गरीनेछ ।

१४. नगरपालिकाको सेवा प्रवाहमा एकद्वार प्रणाली विकास गरीनेछ ।जनगुनासो सम्बोधनका लागि हरेक वडामा गुनासो सुनुवाई केन्द्र र मोवाईल गभर्नेन्सको व्यवस्था गरी सेवा प्रवाहको गुणस्तर अभिवृद्धि गरीनेछ ।

१५. नगर क्षेत्रभित्रका सबै सरकारी, सार्वजनिक तथा पर्ती जग्गाको संरक्षण र सम्बर्द्धन गर्न जिल्ला स्थित सरोकारवाला निकायको समन्वयमा तथ्याङ्क र अभिलेख अध्यावधिक गर्ने व्यवस्था मिलाईनेछ

१६. कुश्मा नगरपालिका क्षेत्रभित्रको सार्वजनिक तथा निजी सम्पत्तिको सुरक्षा र संरक्षण गर्न, कानुनको शासन स्थापित गर्न, बजार क्षेत्रको प्रभावकारी व्यवस्थापन गर्न, विपद र आकस्मिक घटनाहरुको तत्काल सम्बोधन गरी नागरीकको जीउ धनको सुरक्षा गर्नको लागि नगर प्रहरीको व्यवस्था गरीनेछ ।

१७. उपभोक्ताको स्वास्थ्य संवेदनशिलता र हितलाई मध्यनजर गर्दै बजार अनुगमन प्रणालीलाई नियमित तथा प्रभावकारी रुपमा संचालन गरीनेछ । उपभोक्ता हित विपरित कार्य गर्ने व्यापारीलाई कानुनी कारवाहीको दायरामा ल्याईनेछ।

१८. नेपालको संविधान, संघीयताको मर्म र भावना अनुरुप संघ, प्रदेश र स्थानीय तह बिच सार्वजनिक सेवा प्रवाह, विकास व्यवस्थापन र नियमित तथा आकस्मिक सेवाका सन्दर्भमा आवश्यकता अनुसार सहकार्य र समन्वय साथै अनुभव आदानप्रदानको नीति लिईनेछ ।

१९. कुश्मा नगरपालिका भित्रका जनप्रतिनिधि तथा कर्मचारीहरुको ज्ञान, सीप तथा क्षमता विकासको लागि विभिन्न तालिम/सेमिनारहरु आयोजना गरीनेछ।

२०. शासन सञ्चालनमा निजी क्षेत्र, गैरसररकारी संस्था, नागरीक समाज, तथा स्थानीय सरोकारवालाहरुसँग समन्वय र सहकार्य गरी विकास निर्माण तथा सेवा प्रवाहमा सबैको सारभूत सहभागिता हुने वातावरण सिर्जना गरीनेछ ।

२१. सेवाग्राहीमैत्री सार्वजनिक सेवा प्रवाहका लागि नगरपालिकामा स्थापना गरीएको सहायता कक्ष **(Help Desk)** लाई थप व्यवस्थित गरीनेछ । साथै प्रत्येक वडा कार्यालय र स्वास्थ्य संस्थामा समेत **Help Desk** स्थापना गरीनेछ।

२२. नेपालको संविधानले स्थानीय तहलाई दिएको अधिकार क्षेत्रभित्रका विषयमा ऐन, नियमावली तथा कार्यविधिहरु आवश्यकता अनुसार निर्माण तथा परिमार्जन गरीनेछ ।

२३. नगरपालिकाबाट प्रवाह गरीने सेवाहरु एकिकृत घुम्ति शिविर मार्फत (जस्तै अपाङ्गगता परिचयपत्र वितरण, ज्येष्ठ नागरीक परिचय पत्र, सम्पत्तिकर/भूमीकर संकलन, योजना सम्झौता, स्वास्थ्य तथा पशु सेवा शिविर, व्यवसाय दर्ता तथा नविकरण गर्ने कार्य ) वडागत रुपमा जनताका घरदैलोमा पुर्याईनेछ ।

२४. सरकारी सेवालाई क्रमश डिजिटाइज गर्दै नगरपालिकाबाट प्रदान गरीने अधिकांश सेवाहरु सूचना प्रविधि मार्फत प्रवाह गरीनेछ।

२५. कुश्मा नगरपालिकाको परिचय झल्किने गरी सार्वजनिक स्थानहरुमा डिजिटल सूचना बोर्डहरु राखिनेछ ।

२६. नगरपालिका महत्वपूर्ण सूचना भण्डारणका लागि **Data Center** को निर्माणको लागि आवश्यक पूर्वाधार निर्माण गरीनेछ ।

**नगरसभा सदस्यज्यूहरु,**

**(ख) राजश्व परिचालन तथा आन्तरिक आयतर्फ**

२७. राजश्वको प्रणालीलाई थप सुदृढ गरी राजश्वको दायरा वृद्धि र कर संकलनलाई अनुमानयोग्य बनाउन राजश्व प्रशासनको नीतिगत र संरचनागत सुधार गरी आन्तरिक आय अभिवृद्धि गरीनेछ ।

२८. हाल आंशिक रुपमा प्रयोग गरीदै आएको सुत्र राज्श्व मोडल **( SUTRA- Revenue Model )** पूर्णरुपमा लागु गरी वडा तहबाटै राजश्व संकलन गरीनेछ ।

२९. निजी क्षेत्रसँगको सहकार्यमा दायरामा नआएको करदातालाई करको दायरामा ल्याउन स्थानीय सञ्चार माध्यामबाट करदातालाई कर तिर्न प्रोत्साहित गर्ने सम्बन्धी सूचना सम्प्रेषण गरीनेछ ।

३०. करदातालाई कर रकम बारे अग्रिम जानकारी गराउने र कर तिरेपछि भुक्तानी सुनिश्चितताका लागि मोवाईल गर्भनेन्सको नीति अवलम्वन गरीनेछ ।

३१. आन्तरिक आयलाई मजबुद बनाई करको दरमा न्यूनीकरण, दायरामा विस्तारीकरण र असुलिमा सुदृणीकरणको नीति अख्तियार गरीनेछ ।

३२. राजश्व प्रशासनलाई पारदर्शि र जवाफदेही बनाउन र राजश्व चुहावटमा शून्य सहनशिलता सनिश्चित गर्न राजश्व संकलनमा संलग्न कर्मचारी, राजश्व परामर्श समिति र जनप्रतिनिधिहरुलाई आवश्यकता अनुसार अभिमुखिकरण र क्षमता विकासका कार्यक्रमहरु संचालन गरीनेछ ।

३३. नगरपालिकाको आन्तरिक आयको मुख्य स्रोतको रुपमा देखिएका सम्पत्ति कर/ भूमि कर र व्यवसाय करका लागि कर सचेतना कार्यक्रम संचालन गरीनेछ ।

३४. निर्धारित समयमा, सबै प्रकारका, सबैभन्दा बढी कर तिर्ने करदातालाई उत्कृष्ट करदाताको रुपमा सम्मान गरीनेछ ।

३५. राजश्व सम्बन्धी कार्यलाई थप व्यवस्थित गर्न संघीय सरकार, प्रदेश सरकार तथा अन्य स्थानीय पालिकाहरुसँग आवश्यक समन्वय एवम् सहकार्य गरीनेछ ।

३६. राजश्व सुधार कार्ययोजना तयार गरी राजश्व परिचालन गरीनेछ ।

३७. ढुङ्गा, गिटी, बालुवा चोरी निकासी तथा उत्खनन कार्यलाई कडाईका साथ नियन्त्रण गर्न पहल गरीनेछ ।

३८. सम्पत्ति कर, भूमिकर, व्यवसाय कर र घर/जग्गा बहाल करलाई एकिकृत सूचना प्रणालीमा आवद्ध गरी कर असुल उपर गरीनेछ ।

३९. नगरपालिकामा बुझाउनुपर्ने सबै प्रकृतिका करलाई पोर्टल मार्फत बुझाउने व्यवस्था गरीनेछ ।

**नगरसभा सदस्यज्यूहरु,**

**(ग) न्यायिक कार्यसम्पादनतर्फ**

४०. सूचीकृत मेलमिलापकर्ताहरुका लागि अभिमुखिकरण र क्षमता विकासका कार्यक्रम संचालन गरी समुदायस्तरमा उत्पन्न हुने विवादको मेलमिलापका माध्यामबाट दिगो समाधान गरीनेछ ।

४१. न्यायिक समितिका पदाधिकारी तथा न्यायिक निरुपणमा संलग्न हुने कर्मचारी, पदाधिकारीहरुलाई कानुनी सचेतना सम्बन्धी आवश्यक तालिम, गोष्ठी तथा सेमिनारको आयोजना गरीनेछ ।

४२. न्यायिक समितिको निर्णयलाई नगरबासीले न्याय अनुभूत हुने गरी नतिजामूलक कार्यान्वयन सुनिश्चित गरीनेछ ।

४३. स्थानीय तहबाट सम्पादन हुने न्यायिक कार्यसम्पादनको असल अनुभव आदानप्रदान गर्न आवश्यकता अनुसार अध्ययन अवलोकन भ्रमण कार्यक्रम संचालन गरीनेछ ।

४४. न्यायिक समिती आवश्यकता अनुसार विवादसँग सम्बन्धित स्थानमै उपस्थित भई गुनासो सुन्ने, साक्षि झिकाउने जस्ता कार्य गरी विवादित दुवै पक्षलाई **Win Win Position** महशुस हुने गरी वास्तविक न्याय प्रदान गरीनेछ ।

४५. नगरपालिको न्यायिक कार्यसम्पादनमा सहजता ल्याउन तथा कानून निर्माणमा प्रभावकारीता हासिल गर्न गण्डकी प्रदेश सरकारको साझेदारीमा न्यायिक सहजकर्ताको व्यवस्था गरीनेछ ।

**नगरसभा सदस्यज्यूहरु,**

**(घ) आन्तरिक लेखापरिक्षण तर्फ**

४६. वित्तिय सुशासन र सार्वजनिक उत्तरदायित्व अभिवृद्धिका लागि आवश्यक विधि र उपाय अवलम्बन गर्दै सबै प्रकृतिका **बेरुजुलाई क्रमश घटाउदै शुन्य कायम गर्ने निति** लिइनेछ ।

४७. आन्तरिक लेखा परीक्षणलाई प्रभावकारी बनाउदै सार्वजनिक खर्चमा मितव्ययीता कायम गर्न जोड दिइनेछ ।

४८. कुश्मा नगरपालिकाको वार्षिक लेखापरीक्षणबाट औल्याइएका बेरुजुको छानबिन गरी बेरुजु फछ्यौंट तथा सम्परिक्षण गरीनेछ ।

४९. आन्तरिक लेखा परीक्षणलाई प्रभावकारी बनाउन आवश्यकता अनुसार स्थलगत/भौतिक परीक्षण साथै अनलाइन प्रणालीद्वारा परीक्षण गर्नका लागि सम्बन्धित कर्मचारीको क्षमता विकासमा जोड दिदै थप प्रभावकारी तथा प्रविधिमैत्री बनाइनेछ ।

५०. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन बमोजिम अत्यावश्यक कार्यमा स्पष्ट कारण र लागत अनुमान अनुरुप बाहेक पेश्कीलाई निरुत्साहित गर्दै आर्थिक बर्षको अन्तमा पेश्की बेरुजु कायम नरहने गरी कारोबार गर्न जोड दिइनेछ ।

५१. नगरको वित्तीय कारोबारलाई संविधान, संघीय तथा प्रादेशिक आर्थिक ऐन, कानुन, कार्यविधि तथा मापदण्डको मर्म अनुरुप स्वच्छ, पारदर्शी र जवाफदेही बनाउदै आर्थिक अनुशासन र वित्तीय जवाफदेहीता प्रवर्द्धन गरीनेछ।

५२. व्यक्तिगत तथा संस्थागत बेरुजु निजले भुक्तानी पाउने जुनसुकै रकमबाट कट्टा गरी सरकारी बाँकी सरह असुल उपर गरीनेछ।

**नगरसभा सदस्यज्यूहरु,**

**(ङ) योजना तथा बजेट व्यवस्थापनतर्फ**

५३. प्रशासनिक एवं चालु खर्च बढ्दै जाने र पूजीगत तर्फको विनियोजन कम रहने परिपाटीले हाम्रा विकास निर्माणका कामहरु ओझेलमा पर्न सक्ने अवस्थालाई मध्यनजर गर्दै नगरपालिकाको आन्तरिक सक्षमता अभिबृद्धि गरी पूँजीगत तर्फको विनियोजनलाई दिगो तथा उत्पादनमुलक क्षेत्रमा लगानी गरी उच्च प्रतिफल हासिल गर्न कुश्मा नगरपालिका प्रतिबद्ध रहनेछ ।

५४. नगरपालिकाको वृहत्तर एवं व्यवस्थित विकासका लागि नगरपालिकाको दोस्रो आवधिक योजना तर्जुमाको कार्य अगाडि वढाइनेछ । साथै आवधिक विकास योजना, मध्यमकालिन खर्च संरचना र बार्षिक योजना विच तादम्यता कायम गरी बार्षिक नीति तथा कार्यक्रम तर्जुमा गर्ने कार्यलाई प्राथामिकताका साथ अगाडी बढाइनेछ ।

५५. योजना कार्यान्वयन गर्ने उपभोक्ता समितिलाई क्षमता अभिवृद्धि गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

५६. नागरपालिकाका स्विकृत बार्षिक कार्यक्रम संचालन गर्न वार्षिक खरिद योजना तथा बार्षिक कार्यक्रम कार्यान्वयन तालिका ( बजेट क्यालेन्डर) बनाई पूर्ण रुपमा लागु गरीनेछ ।

५७. संघ र प्रदेश सरकारबाट संचालन हुने आयोजनाहरुको अभिलेखीकरण गर्ने, दोहोरोपना हुन नदिने तथा आयोजनाहरुको दिगोपना सुनिश्चित गरीनेछ ।

५८. आयोजना कार्यान्वयनमा देखिएका समस्या समाधान गर्न नीतिगत, कानुनी तथा प्रक्रियागत सुधार गरीनेछ ।

५९. नगरभित्र संचालित रुग्ण, जीर्ण, समस्याग्रत आयोजनाको अध्ययन प्रतिवेदनको आधारमा सुधार, परिमार्जन तथा पुनरावलोकन गरीनेछ ।

६०. नगरपालिकाबाट संचालन भएका विभिन्न योजना तथा कार्यक्रमहरुको प्रत्येक चरणमा प्रभावकारी अनुगमन गर्ने प्रणालीमार्फत विकास परियोजनाको गुणस्तरीयता सिद्ध गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

६१. वडास्तरबाट संचालन हुने योजना तथा कार्यक्रमहरु चैत्र मसान्तभित्र सम्झौता गरी बैशाख मसान्तभित्र फरफारक गरीसक्नुपर्ने र ठूला आयोजना तथा कार्यक्रमहरु जेठ मसान्तभित्र सम्पन्न गरी फरफराक गरीसक्नुपर्ने नीति अवलम्बन गरीनेछ ।

**नगरसभा सदस्यज्यूहरु,**

**(च) कृषि विकास तर्फ**

६२. रैथाने बालीको उत्पादन, संरक्षण तथा प्रवर्द्धन गर्ने कार्यलाई प्रथामिकताका साथ अघि बढाईनेछ

६३. कृषि बिमालाई प्रोत्साहन गर्दै उत्पादित उपभोग्य वस्तुहरुको बिक्री वितरणको लागि कृषि हाटबजार, कृषि उपज संकलन केन्द्र निर्माण र व्यवस्थापन गर्ने नीति लिइनेछ ।

६४. अर्गानिक स्थानीय उत्पादनलाई प्रोत्साहन गर्न बिशेष सहुलियत र अनुदानको व्यवस्था गरीनेछ।

६५. वडास्तरमा फलफूल, तरकारी जस्ता बालीबाट व्यवसायिक उत्पादन गर्दै आएका कृषकलाई प्रोत्साहन गर्न उत्कृष्ट कृषक पुरस्कार दिने व्यवस्था मिलाइनेछ ।

६६. च्याउ खेती उत्पादन मार्फत आयआर्जन बृद्धि गर्न च्याउ खेती प्रबर्द्धन कार्यक्रम संचालन गरीनेछ ।

६७. सही तथ्यांङ्कबाट कृषि क्षेत्रको विकास गर्न नगरभित्र रहेका बजार पूर्वाधार, नर्सरी, एग्रोभेट, स्थानीय तहमा दर्ता भएका कृषि सहकारी, कृषक समूह तथा कृषि फर्म उद्यमहरुको विवरण सहितको पालिका स्तरीय कृषि प्रोफायल तयार गरीनेछ।

६८. कृषिको यान्त्रिकरण, उत्पादित बस्तुको बजारीकरण, कृषि पेशाको व्यवासायीकरण र विविधिकरण मार्फत कृषिमा आत्मनिर्भर नगर निर्माण गरीनेछ, कृषिमा यान्त्रिकरणका लागि आवश्यक यन्त्र उपकरण खरिदमा अनुदान उपलब्ध गराइनेछ ।

६९. नगर भित्र केरा, कागती, सुन्तला, अम्बा, किवी, ओखर लगायतका फलफूलको उत्पादन र बजारीकरणमा जोड दिईनेछ ।

७०. माटोको उत्पादकत्व क्षमता जोगाइ राख्न माटो नमुना संकलन शिविर, माटो परीक्षण तथा कृषि चुन वितरण कार्यक्रम संचालन गरीनेछ ।

७१. क्लस्टरमा आधारित मौरीपालन व्यवसाय संचालन गरी कुश्मा नगरलाई महमा आत्मनिर्भर बनाईनेछ ।

७२. बालीमा लाग्ने रोग किरा, मिचाहा प्रजातिबाट बाली संरक्षणको लागि पालिका भित्र प्लान्ट क्लिनिक संचालन गरीने नीति ल्याइनेछ ।

७३. रासायनिक बिषादीको प्रयोगले गर्दा बातावरण, माटो र उपभोक्ता, नगरवासीको स्वास्थ्यमा परेको असरलाई क्रमशः न्यूनीकरण कम गर्न जैविक बिषादी प्रयोग सम्बन्धी आवश्यक अध्ययन गरीनेछ

७४. स्थानीय उत्पादनको प्रचार र आन्तरिक तथा बाह्य क्षेत्रमा समेत बजारीकरण गरीनेछ, नगरपालिका भित्रका बिभिन्न क्षेत्रमा उत्पादन हुने कृषि उपजहरुको बजार पहुचको लागि निर्माण भएका कृषि उपज संकलन केन्द्रहरुको व्यवस्थापन गरीनेछ ।

७५. कृषिजन्य वस्तुहरुको बजारीकरणको व्यवस्था सहित गहुँ, मकै, धान तथा तरकारीको उत्पादन बढाउन पकेट क्षेत्र बिकासको घोषणा र बाली विमा विस्तार गरीनेछ साथै साना सिँचाई प्रविधिको विस्तार प्रवर्द्धन र बाँझो जग्गाको कलस्टरिङ्ग गरी सामुहिक खेति प्रणालीमा जोड दिइनेछ।

७६. सम्भावना देखिएको वडाहरुमा खर्बुजा तथा स्ट्रवेरी खेतिको प्रवर्द्धनमा जोड दिनेछ ।

७७. कृषकका पिरमर्का, समस्या र गुनासो समाधानका लागि वडास्तरमा **कृषकसँग कृषि प्राविधिक कार्यक्रम संचालन** गरीनेछ ।

७८. कुश्मा नगरपालिका वडा नं. २ र ३ मा संचालनमा रहेको कृषिमा आधारित **Peace corps** स्वयमसेवक कार्यक्रमलाई प्रभावकारी बनाइनेछ ।

७९. कृषि यान्त्रिकिकरणबाट माटोको उर्वरा शक्तिको क्षयीकरण रोक्न तथा माटोको जैविक उर्वराशक्ति कायम राख्नका लागि हलगोरु पाल्ने कृषकहरुलाई प्रोत्साहन गरीनेछ ।

**नगरसभाका सदस्यज्यूहरु,**

**(छ) पशुपंक्षी विकासतर्फ**

८०. पशुपंक्षी तथा मत्स्य पालनलाई व्यवसायिक, प्रविधियुक्त, प्रतिस्पर्धी बनाउँदै उन्नत उत्पादन र उत्पादकत्व बढाउन पशुपंक्षी नश्ल सुधार कार्यक्रम संचालन गरीनेछ ।

८१. पशुपंक्षीको दानामा प्रयोग हुने मकै, भटमास जस्ता बालीहरु र घाँस खेतीको प्रवर्धन गरी गुणस्तरीय पशु आहाराको उपलब्धता बढाउन हिउँदे र वर्षे घाँसको विउविजन उपलब्ध गराइने छ । पशुपन्क्षीपालन व्यवसायलाई यान्त्रीकिकरण गर्न सहयोग गरीनेछ ।

८२. पशु स्वास्थ्य उपचारका लागि आधारभूत पशुपंक्षी प्रयोगशालाको स्थापना गरी उपचार तथा परामर्श सेवा उपलब्ध गराइनेछ ।

८३. पशुचौपायामा देखिने आकस्मिक रोग तथा महामारी नियन्त्रण गर्न नि:शुल्क औषधी उपचार गरीनेछ तथा पशु स्वास्थ्य सुधार योजना बनाई अवलम्बन गरीनेछ ।

८४. कृत्रिम तथा प्राकृतिक गर्भाधान सेवा विस्तार गरी उन्नत नश्लका पशुहरुको संख्यामा वृद्दि गर्न **कृत्रिम गर्भाधान मिशन कार्यक्रम** संचालन गरीनेछ ।

८५. दुध तथा दूधजन्य पदार्थमा नगरलाई आत्मनिर्भर बनाउने प्रमुख उद्देश्य सहित दुहुनो पशुमा अनुदान कार्यक्रम संचालन गरीने छ ।

८६. **वधशाला देखि भान्सा सम्म स्वच्छ एंव स्वस्थ मासुजन्य परिकार, गोठ देखि ओठ सम्म सफा स्वस्थ दुध कार्यक्रम** अभियानका रुपमा संचालन गर्न प्रत्येक ३ महिनामा नगर भित्रका मासु पसल, फ्रेस हाउस, डेरी अनुगमन गरीने छ । पशुको वध गर्ने कार्य बधशालामा मात्र गर्ने व्यवस्था मिलाइनेछ ।

८७. **African Swine Fever** बाट क्षति पुगेका सुँगुर/बंगुर पालक कृषकहरुको आर्थिक सहायताका लागि अनुदान कार्यक्रमको व्यवस्था गरीने छ ।

८८. पशुवस्तुमा देखिने विभिन्न रोग नियन्त्रणका लागि खोप कार्यक्रम संचालन गरीने छ । रेबिज रोगको संक्रमण न्यूनीकरणका लागि **Zero Rabies by 2030** अवलम्बन गर्न जनचेतना, कुकुर बन्ध्याकरण तथा रेबिज खोप कार्यक्रमको आयोजना गरीनेछ ।

८९. कुश्मा नगरपालिका वडा नं ७ खरेहामा रहेको गौशालालाई स्तरोन्नति गरी नगर गौशालको रुपमा विकास गरीनेछ ।

**नगरसभा सदस्यज्यूहरु,**

**(ज) सहकारीतर्फ**

९०. वर्तमान समयमा कुश्मा नगरपालिकाको नियमन क्षेत्रभित्र रहेका सहरकारी संस्थाहरुमा देखिएको जटिल समस्या न्यूनीकरण तथा संस्था सहज संचालनका लागि सहकारी संस्था मर्जर गर्ने कार्यलाई प्राथामिकताका साथ अगाडी बढाइनेछ ।

९१. नगर क्षेत्रभित्रका सहकारी संस्थाहरुलाई समयसापेक्ष तालिमको आयोजना गरी थप व्यवस्थित बनाउने तर्फ जोड दिइनेछ ।

९२. नगरभित्रका सहकारी संस्थामा आवद्ध सदस्यहरुलाई सहकारी शिक्षा, सम्पूर्ण सहकारीलाई **COPOMIS** प्रणालीमा आवद्धता, सहकारी संस्थामा कार्यरत कर्मचारीलाई क्षमता अभिवृद्धि तालिम प्रदान गरी सहकारी संस्थाहरुलाई सहकारीको मूल्य मान्यता र सिद्धान्त बमोजिम परिचालन गरीनेछ ।

९३. विषम आर्थिक समस्याबाट गुज्रिएका, रुग्ण सहकारीहरुको व्यवस्थापन गर्न सहकारीको अनुगमन र नियमन कार्यलाई व्यवस्थित गर्दै **बचत कर्ताको पूँजी सुरक्षाका** लागि आवश्यक कदम चालिनेछ ।

**नगरसभाका सदस्यज्यूहरु,**

**(झ) लघु उद्यम विकास कार्यक्रमतर्फ**

९४. नगरपालिका क्षेत्रभिका महिला, दलित, आदिवासी जनजाति, विपन्न, वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिलाई स्वरोजगारको माध्यामबाट गरीबी निवारण गर्ने उद्देश्यले लघु उद्यम विकास कार्यक्रम (मेड्पा) संचालन निर्देशिका बमोजिम सामाजिक परिचालन, उद्यमशिलता विकास तालिम, सीप विकास तालिम, लघुवित्तमा पहुँच, प्रविधिमा सहयोग, बजारीकरणमा सहयोग तथा व्यवसायिक परामर्श जस्ता कार्यक्रम एकिकृत रुपमा संचालित गरीनेछ ।

९५. बजारको माग, स्रोत साधनको उपलब्धता र जनचाहनामा आधारित उद्यम स्थापना तथा उद्यमीको स्तरोन्नति गरीनेछ ।

९६. वैदेशिक रोजगारबाट फर्किएका युवाहरुको ज्ञान, सिप, क्षमतf र पूँजी उपयोग गरी उद्यमशिलताका माध्यामबाट स्वरोजगार सिर्जना गरीनेछ ।

९७. लघु उद्यमीहरुले उत्पादन गरेका वस्तुहरुको बजारीकरण तथा प्रवर्द्धनमा जोड दिइनेछ साथै कोसेली घरको अवधारणालाई कार्यान्वयन तथा संचालनमा ल्याउनको लागि विशेष पहल गरीनेछ।

९८. कुश्मा नगरपालिकाभित्र रहेका लक्षित वर्ग तथा गरीब घरधुरी पहिचान कार्यक्रम मार्फत पहिचान भएका गरीबलाई विभिन्न सीप तथा आयमुलक तालिमको व्यवस्था गरी उद्यमशील साथै आर्थिक रुपमा आत्मनिर्भर बनाउन जोड दिइनेछ।

९९. गण्डकी प्रदेश सरकारको समन्वयमा घरेलु मदिरालाई स्तरीकरण (Branding) तथा बजारीकरण गर्नका लागि आवश्यक पहल गरीनेछ ।

१००. उद्यमशीलताको माध्यामबाट स्थनीय स्रोत साधन, सिपको प्रयोग गरी गरीबी निवारण गर्न **नगर प्रमुखसँग उद्यमशीलता विकास कार्यक्रमलाई** प्राथमिकताका साथ अगाडि बढाइनेछ ।

१०१. समुह वचत परिचालनका माध्यामबाट गरीबी निवारण गर्न कुश्मा नगरपालिका वडा नं. ३ मा संचालित गरीबसँग विश्वेश्वर कार्यक्रमलाई निरन्तरता गरीनेछ ।

**नगरसभा सदस्यज्यूहरु,**

## (ञ) पर्यटन विकास तथा प्रवर्द्धन तर्फ

१०२.कुश्मा नगरपालिकालाई पर्यटकीय गनतव्यको रुपमा विकास गर्नका लागि नगर भित्र रहेका प्राकृतिक, सांस्कृति, धार्मिक, ऐतिहासिक, पर्यटकीय, स्थलहरुको राष्ट्रिय तथा अन्तराष्ट्रिय रुपमा प्रचार प्रसार गरी प्रर्यटन व्यवसायलाई नगरको समृद्धिको प्रमुख आधार बनाइनेछ ।

१०३. अनुपम प्राकृतिक सौन्दर्यको रुपमा रहेको कुश्मा नगरमा शाहसिक पर्यटन वञ्जि जम्प, जिपलाईन, काइकिङ, क्यानोनिङ, र्याफ्टिङ्ग, रक क्लाइम्विङ, लगायतका गतिविधि प्रवर्द्धनमा निजी क्षेत्रसँग समन्वय गरी उत्कृष्ट प्रर्यटकीय गन्तब्यको रुपमा स्थापित गरी पर्यटकको बसाई अवधि लम्बाउन पहल गरीनेछ ।

१०४. कुश्मा नगरपालिका वडा नं. ७ को भालेश्वर मन्दिर, वडा नं. ८ को रुद्धेश्वर र लालेश्वर मन्दिर, गलेश्वर महादेव मन्दिर वडा नं. २ को चन्देश्वर, लक्ष्मी नारायण मन्दिर, सत्यनारायण

मन्दिर, राधाकृष्ण मन्दिर वृन्दावनन धाम, वडा नं. ९ मा रहेको अलपेश्वर गुफामा भौतिक पूर्वाधार निर्माण गरीनेछ ।

१०५. कुश्मा नगरपालिका वडा नं ५ को नेपाल पार्क, वडा नं. ११ मा रहेको पाखाथर पार्क, कु.न.पा.- ३ मा रहेको मुखिया डाडा पार्कमा भौतिक संरचनाहरुको निर्माण गरीनेछ ।

१०६. अल्पसंख्यक जातिको रुपमा रहेको कुमाल जातीको कला भाषा संस्कृति र सभ्यताको संरक्षण गर्नका लागि कुमाल सामुदायिक भवन निर्माण गरीनेछ ।

१०७. नगर क्षेत्र भित्र रहेका दोर्जे ग्यम्पो छोलिंग, आनन्द गुम्बा, गोपाङघाट गुम्बा संरक्षण तथा सम्वर्द्धन गरीनेछ ।

१०८. विश्वको एकमात्र शालग्राम शीला पाईने एक मात्र पवित्र कालीगण्डकी नदीको संरक्षणका लागि सरोकारवाला संघ संस्था एवम अभियन्ताहरु सँग आवश्यक परामर्श गरी दीर्घकालीन रणनीति तय गरीनेछ ।

१०९. कुश्मा नगरपालिका वडा नं. ४ मा निर्माणाधिन गुप्तेश्वर पर्यटन प्रवर्द्धन केन्द्र निर्माणकार्यलाई निरन्तरता दिइनेछ ।

११०. कुश्मा नगरपालिका क्षेत्र भित्र रहेका धार्मिक तथा साँस्कृतिक स्थलहरु सहस्रधारा दिव्यधाम, पार्वती गुफा, दुर्लुङकोट, गुप्तेश्वर गुफा, मोदीवेणी धाम, शिलावय मन्दिर, लालेश्वर, मन्दिर विष्णुवाटिका, अलपेश्वर गुफा, बाटुलेचौर कालिका मन्दिर, जुम्लीथान खौलाकोट, पञ्चासेधाम सुधामा मन्दिरलाई धार्मिक तथा पर्यटकीय गन्तब्यको रुपमा विकास गरीनेछ ।

१११. कालीगण्डकी नदीको जलयात्रालाइ पर्यटन उद्योगको रुपमा विकास एवम् व्यवस्थित गर्न पहल गरीनेछ ।

**नगरसभा सदस्यज्यूहरु,**

**(ट) श्रम रोजगार तथा सिप विकासतर्फ**

११२. रोजगारी सृजनामा वृद्धि गर्न, रोजगारदाताहरुको पहिचान गरी श्रमिक र रोजगारदाता बीच श्रम सम्बन्ध स्थापना गरीनेछ ।बेरोजगार र शैक्षिक बेरोजगार सम्बन्धी आधार तथ्यांक तयार गरी ५ बर्षको रोजगार रणनीति अनुरुप क्रियाकलापहरु संचालन गरीनेछ।

११३. श्रमिकको दक्षता वृद्धि गरी प्रतिस्पर्धी बनाउन घरेलु तथा साना उद्योगगसँगको सहकार्यमा बेरोजगारहरुलाई उनीहरुको क्षमता, बजारको माग र इच्छा अनुसारको सीप विकास कार्यक्रम संचालन गरी दक्ष बनाइनेछ।श्रमिकहरुको कार्यदक्षता वृद्धि गर्न **Periodic** रुपमा पुनर्ताजगी तालिम संचालन गरी दक्ष, अर्ध दक्ष र अदक्ष बेरोजगार व्यक्तिहरुलाई सम्बन्धित रोजगारदाताहरुसँग सम्झौता गराई रोजगारी प्रदान गर्न पहल गरीनेछ ।

११४. नगरपालिका भित्रका वेरोजगार युवालाई स्थानीयस्तरमा रोजगारी सृजना गर्न तथा आय आर्जनका कृयाकलापमा संलग्न गराई वेरोजगारीको समस्या समाधानमा योगदान पुर्याउन **नगर प्रमुख रोजगार कार्यक्रम** संचालन कायविधिमार्फत स्थानीय स्तरमा रोजगारी सृजना गरीनेछ ।

११५. रोजगारीका अबसरहरु पहिचान गर्न, र समस्याहरुको पहिचान र निदान गर्न अन्तर पालिका र पालिका स्तरीय स्तरीय रोजगार संवाद मञ्चको स्थापना गरी नियमित संवाद मञ्च सञ्चालन गरीनेछ, आम नागरीकलाई सबै क्षेत्रमा मर्यादित श्रमको आभास हुने गरी श्रमको सम्मान, राष्ट्रको अभियान सम्बन्धी क्रियाकलापहरु सञ्चालन गरीनेछ।

११६. सम्भावित रोजगारदाता र बेरोजगार व्यक्तिहरुको सम्बन्ध स्थापना गरी रोजगारीमा पहुँच वृद्दि गर्न रोजगार मेला संचालन गरीने छ।

११७. वैदेशिक रोजगारलाइ सुरक्षित, मर्यादित तथा व्यवस्थित गराउनका लागि सुरक्षित आप्रवासन कार्यक्रम सञ्चालन गरीनेछ । कुश्मा नगरपालिकाबाट बैदेशिक रोजगारीमा जान चाहाने वासिन्दालाइ विदेशमा काम लाग्ने खालको सीप तालिम लिएर मात्रै वैदेशिक रोजगारीमा जाने यवस्थाका लागि प्रदेश सरकार तथा संघीय सरकार सँग समन्वय गरीनेछ ।

११८. वैदेशिक रोजगारीबाट फर्किएकाहरुको ज्ञान सीप पूँजीको उच्चतम प्रयोग गरी पालिकाको आर्थिक वृद्दिमा टेवा पुर्याइनेछ । त्यसका लागि आवश्यक कार्यक्रम तर्जूमा गरी पुन एकीकरण तथा मनोसामाजिक परामर्श कार्यक्रम सञ्चालन गरीनेछ। वैदेशिक रोजगार बाट फर्किएका व्यक्तिहरुको निःशुल्क सीप परीक्षणको लागि सरोकारवाला निकायहरु सँग समन्वय गरीनेछ।

११९. प्रधानमन्त्री रोजगार कार्यक्रम, र युवारुप कार्यक्रमको गुणस्तर कायम गरी दिगो र उच्चतम लाभ प्राप्ती गर्न ग्रामीण वडा हरुमा सामुहिक र एकीकृत खेती प्रणाली मार्फत रोजगार सृजना गरीने नीति लिइनेछ।

१२०. ऐन बमोजिम स्थापना भएका रोजगार सेवा केन्द्रलाई आन्तरिकीकरण गरी सीप विकास, उद्यमशीलता, श्रम तथा रोजगार, वैदेशिक रोजगार सम्बन्धी सेवाहरु एकिकृत रुपमा रोजगार सेवा केन्द्र मार्फत संचालन गरीनेछ ।

**नगरसभा सदस्य ज्यूहरु,**

### (ठ) शिक्षा, युवा तथा खेलकुद विकासतर्फ

१२१. जीवनोपयोगी, आधुनिक, व्यावसायिक एवं प्रविधियुक्त शिक्षामा जोड दिइ सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरमा सुधार गरीनेछ ।

१२२. युवा वर्गको नेतृत्तव क्षमता विकासका लागि विशेष कार्यक्रम संचालन गरीनेछ ।

१२३. विद्यालय अनुगमन कार्यलाई सक्रिय बनाइ अनुगमन प्रतिवेदनको आधारमा नगरपालिका भित्र रहेका विद्यालयहरुलाई विद्यार्थी संख्याका आधारमा कक्षा घटाउने तथा मर्ज गर्ने नीति लिइनेछ ।

१२४. गत विगत वर्षवाट दिदै आएको **नगर प्रमुखसँग विद्यार्थी प्रतिभा पहिचान कार्यक्रम** अन्तरगत एस.इ.इ परिक्षामा ३.६३ जिपीए वा सो भन्दा वढी प्राप्त गर्ने विद्यार्थीलाइ छात्रवृति दिने कार्यक्रम यस वर्ष पनि निरन्तरता दिइनेछ । यसलाइ थप व्यवस्थित वनाउन कार्यविधि वनाइ लागू गरीनेछ ।

१२५. स्थानीय पाठ्क्रममा आधारित पाठ्यपुस्तकको निर्माण र वितरण गरीनेछ ।

१२६. सामुदायिक विद्यालयमा अध्यनरत छात्राहरुलाई स्यानिटरी प्याड वितरण गर्ने कार्यक्रमलाई आगामी आर्थिक बर्षमा पनि निरन्तरता दिइनेछ ।

१२७. प्राविधिक धारका विद्यालयलाई आवश्यक सहयोग उपलब्ध गराइनेछ ।

१२८. सरकारी कोषबाट तलब भत्ता तथा सेवा सुविधा लिने सम्पूर्ण जनप्रतिनिधि र कर्मचारीका बालबच्चालाई सामूदायिक विद्यालयमा पठनपाठन गराउन प्रेरित गरीनेछ ।

१२९. सवै विद्यालयमा ईमेल, इन्टरनेट तथा विद्युतीय हाजिरी जडान गरी विद्यालयलाई सूचना प्रविधिमैत्री गराइनेछ। अङ्ग्रेजी माध्यमबाट शिक्षण सिकाइ क्रियाकलापहरुलाई क्रमश माथिल्लो कक्षामा विस्तार गर्ने नीति लिइनेछ।

१३०. विद्यार्थीहरुलाई विद्यालयमा नियमित रुपमा उपस्थित गराउन, पठनपाठनमा निरन्तर अभिप्रेरित गर्न र शैक्षिक गुणस्तर अभिवृद्धिका लागि बालबिकास कक्षा देखि कक्षा ५ सम्मका सबै सामुदायिक विद्यालयका विद्यार्थीहरुलाई दिवा खाजाको व्यवस्था मिलाइनेछ ।

१३१. विगत देखि दिदै आएको प्रध्यानाध्यापक प्रोत्साहन भत्ता रकम लाइ निरन्तरता दिइनेछ । प्रधानाध्यापकको नेतृत्व तथा प्रशासनिक क्षमता विकास तालिम, शिक्षक, विद्यालय कर्मचारी क्षमता विकास तालिम/कार्यशाला सञ्चालन गरीनेछ।

१३२. प्रारम्भिक बालविकास केन्द्र, विद्यालय कर्मचारी र सहयोगीको तलब भत्तामा विगत बर्षमा दिइदै आएको थप रकमलाई निरन्तरता दिइनेछ ।

१३३. स्काउटको उद्देश्य अनुरुप युवा र बालबालिकालाई स्काउटिङ सम्बन्धी बिभिन्न गतिविधिहरुमा सरिक गराउन स्काउट सम्बन्धी तालिम तथा कार्यक्रमहरु संचालन गरीनेछ ।

१३४. हरित विद्यालयको अवधारणालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नुका साथै विद्यालयमा शुद्ध पिउने पानी र उपयुक्त शौचालयको व्यवस्था गरीनेछ ।

१३५. विद्यालय स्तरमा अध्ययरत विद्यार्थीहरुलाई खेलकुद प्रति आकर्षण गर्न नगरपालिका स्तरिय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन गरीनेछ ।

१३६. शिक्षक दरबन्दी मिलानलाई निरन्तरता दिइनेछ । यसलाई शिघ्र कार्य सम्पादन गर्नका लागि प्राथमिक तहमा कार्यरत शिक्षकहरुका लागि स्वेच्छिक अवकाश प्रोत्साहन कार्यक्रम ल्याइने छ । यस कार्यलाई व्यवस्थित बनाउन कार्यविधी वनाइ लागू गरीने छ ।

१३७. नगरपालिका भर एकै प्रकारको परीक्षा सञ्चालनको लागि कक्षा ३ देखी ११ सम्म विद्यालयस्तरमा लिइने वार्षिक परिक्षा नगरपालिका स्तरमा सञ्चालन गर्ने नीति लिइनेछ ।

१३८. शैक्षिक व्यवस्थापन सूचना प्रणाली **EMIS** लाई थप व्यवस्थित र प्रभावकारी बनाइने छ । सवै प्रकारका विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरुलाई यस प्रणालीमा अनिवार्य आवद्ध हुनुपर्ने व्यवस्था मिलाइने छ । यसका लागि शिक्षकहरुलाई आवश्यक तालिम तथा प्रशिक्षण दिने नीति लिइनेछ ।

१३९. नगरका विकास गतिविधि तथा शैक्षिक कार्यक्रम झल्किने गरी नगरपालिका स्तरीय क्यालेण्डर निर्माण गरी नगरपालिकाभर एकै प्रकारको शैक्षिक कार्यक्रम लागू गरीनेछ ।

१४०. विद्यालय स्तरमा करारमा शिक्षक तथा कर्मचारी नियुक्ती गर्दा अवलम्वन गरीएको प्रक्रियालाई थप व्यवस्थित वनाउन आवश्यक कार्यविधी वनाइ लागु गरीने छ ।

१४१. बाल विकास केन्द्रमा कार्यरत शिक्षकहरुका लागी शैक्षिक सामग्री निर्माण सम्बन्धी तालिम सञ्चालन बाल विकास केन्द्रमा आवश्यक पर्ने शैक्षिक सामग्री वितरण गरीनेछ ।

१४२. नगरपालिका भित्र वहुप्राविधीक शिक्षालय स्थापनाका लागि सम्भाव्यता अध्ययन गरीनेछ ।

१४३. ज्योतिष विद्यामा प्रसिद्ध रहेको पाङ क्षेत्रमा ज्योतिषशास्त्र अध्ययन तथा अनुसन्धान केन्द्र स्थापना गर्न पहल गरीनेछ ।

१४४. विद्यालय तथा स्वास्थ्य संस्था परिसर भित्रको क्षेत्रलाई धुम्रपान तथा मध्यपान निषेधित क्षेत्र घोषणा गरीनेछ ।

१४५. शत प्रतिशत विद्यार्थी उत्तीर्ण गराउने सामुदायिक विद्यालयका शिक्षकलाई पुरस्कृत गर्ने व्यवस्था गरीनेछ ।

१४६. कुश्मा नगरपालिका भित्रका दलित विद्यार्थीहरुलाई **SOS** बालग्राम विद्यालयमा पठनपाठनको लागि आवश्यक व्यवस्था मिलाईनेछ ।

१४७. कुश्मा नगरपालिकाले अनुमति दिई संचालन भएका प्राविधिक विद्यालयको संचालन र व्यवस्थापनको जिम्मेवारी नगरपालिका मार्फत हुने व्यवस्था मिलाईनेछ ।

**नगरसभाका सदस्य ज्यूहरु,**

**(ङ) स्वास्थ्य सेवातर्फ**

१४८. ज्येष्ठ नागरीक सम्म स्वास्थ्य सेवाको पहुँच बढाउनको लागि घर-घरमा स्वास्थ्य सेवा उपलबध् गराउन स्वास्थ्यकर्मीको परिचालन गरीनेछ ।

१४९. मातृशिशु स्वास्थ्य सेवा प्रवर्द्धनको लागि **नगर उप-प्रमुखसँग सुत्केरी पोषण प्रोत्साहन** कार्यलाई निरन्तरता दिइनेछ ।

१५०. लागुऔषध दुर्व्यसनी रोकथाम, आत्महत्या निरुत्साहन तथा प्रजनन स्वास्थ्य सम्बन्धी सचेतना जगाउन **किशोरकिशोरी सँग उपप्रमुख कार्यक्रम** संचालन गरीनेछ ।

१५१. गर्भवती महिलालाई क्याल्सियम, फोलिक एसिड, शिशुहरुलाई बालभिटा, सिघ्र कुपोषित बच्चालाई उपचारको व्यवस्था गरीनेछ ।

१५२. मातृ तथा शिशुमृत्यूदर न्यूनीकरणका लागि ग्रामीण अल्ट्रा साउन्ड कार्यक्रमलाई घुम्ती सेवाको रुपमा सम्पूर्ण वडाहरुमा सञ्चालन गरीनेछ ।

१५३. संघीय सरकार, प्रदेश सरकार तथा राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संघ संस्थासंग समन्वय गरी प्रतिकारात्मक स्वास्थ्य सेवा संचालन गर्नको लागि हाल जिभाय नेपालद्वारा संचालन गरेको विद्यालय मुख स्वास्थ्य कार्यक्रमलाई सम्पूर्ण वडाको विद्यालयमा संचालन गरीनेछ ।

१५४. नसर्ने रोग व्यवस्थापनको लागि कुश्मा नगरपालिका अन्तर्गतका सम्पूर्ण वडाहरुमा संचालन भईरहेको स्क्रिनिङ सिविर कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१५५. स्वास्थ्य संस्थामा नि:शुल्क वितरण गरीने नेपाल सरकारले तोकेको ९८ प्रकारका औषधीहरु समयमा नै उपलब्ध गराउन लागि आवश्यक पर्ने वजेट व्यवस्था गरीनेछ ।

१५६. सवै स्वास्थ्य संस्थालाई प्रविधिमैत्री वनाउनको लागि **ELMIS, EHS, DHIS** प्रविधि लागू गरीनेछ । साथै नेपाल सरकारले सो प्रयोजनका लागि उपयोगमा ल्याउन लागेको **Family Health Profile** कार्यक्रम अगाडी बढाइनेछ ।

१५७. स्वास्थ्यकर्मीहरुलाई प्रविधिमैत्री वनाई **पेपरलेस** प्रविधीद्वारा सेवा प्रवाहका लागि आवश्यक पर्ने सीपमुलक तालिम संचालन गरीनेछ ।

१५८. स्वास्थ्य संस्थाको सेवालाई गुणस्तरीय बनाउनको लागि न्यूनीकरण बनाउनको लागि न्यूनतम सेवा मापदण्ड **( Minium Service Standard )** कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१५९. कुश्मा नगरपालिका वडा नं. १२ ठूलिपोखरी रहेको ठूलिपोखरी प्राथमिक केन्द्रलाई स्तरोन्नती गरी नगर अस्पताल घोषणाको कार्य अगाडी बढाइनेछ ।

१६०. बालबालिका, किशोरकिशोरी र सुनौलो हजार दिन भित्रका आमा र बच्चालाई पोषण सुधारका लागि बहुक्षेत्रीय पोषण प्रवर्द्धन कार्यक्रमलाई प्रभावकारी रुपमा अगाडी वढाइनेछ ।

१६१. आधारभूत स्वास्थ्य सेवालाई समुदायस्तर सम्म पहुँच पुर्याउनको लागि कुश्मा नगरपालिका अन्तर्गत वडा नं. २,३ र १४ मा शहरी स्वास्थ्य केन्द्र स्थापना गर्नको लागि आवश्यक पहल गरीनेछ । खोप कार्यक्रमलाई व्यवस्थित र दिगो रुपमा संचालन गर्नका लागि खोप भण्डारण केन्द्र र निदानात्मक सेवा प्रदान गर्नको लागि नगरस्तररिय प्रयोगशाला स्थापना गरीनेछ ।

१६२. कुश्मा नगरपालिकाको प्राथमकिता प्राप्त स्वास्थ्य सेवा प्रदान गर्नका लागि निदानात्मक सेवा प्रदान गर्नको लागि नगरस्तररिय प्रयोगशाला स्थापना गरीनेछ ।

१६३. क्षयरोग मुक्त नेपाल अभियान अन्तर्गत संचालन भइरहेको क्षयरोग मुक्त कुश्मा नगरपालिकामा कार्यक्रमलाई आगामि वर्ष अझै प्रभावकरी रुपमा अगाडी बढाइनेछ ।

१६४. योग, ध्यान प्रणायामका माध्यायमबाट नागरीकको शारिरिक ,मानसिक र समाजिक स्वास्थ्यमा सुधार गरी नागरीकहरुलाई स्वस्थ्य, आध्यात्मिक, सकारात्मक र नैतिकवान बनाइनेछ ।

१६५. **एक स्वास्थ्य कर्मी एक विद्यालय एक स्वास्थ्य शिक्षा कार्यक्रम** मार्फत सबै विद्यालयमा प्रत्येक महिना स्वास्थ्यकर्मी पुग्ने कार्यक्रम कार्यन्वयनमा ल्याइनेछ ।

१६६. स्वास्थ्य संस्था संचालन व्यवस्थापन समिति, महिला स्वास्थ्य स्वयम् सेविका तथा स्वास्थ्यकर्मीको समयानुकुल क्षमता अभिवृद्धि गरीनेछ ।

१६७. कुश्मा नगरपालिका वडा नं ५ मा रहेको पर्वत अस्पतालको स्वास्थ्य सेवालाई थप प्रभावकारी बनाउन विशेषज्ञ जनशक्ति व्यवस्थापनमा सहजीकरण गरीनेछ ।

१६८. दक्ष प्रसुतिकर्मी तालिम, बालरोगको एकिकृत व्यवस्थापन मानसिक स्वास्थ्य, मुख स्वास्थ्य आत्महत्या न्यूनीकरण सचेतना कार्यक्रमहरु प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि वन हर्ट

वर्ल्ड वाईड, जिभाय नेपाल, लगायतका सरकारी तथा गैर सरकारी संघ संस्थासँग साझेदारी गरीनेछ ।

१६९. समुदायमा आधारित पूर्ण सरसफाइ अभियान कार्यक्रमलाइ निरन्तरता दिइनेछ ।

१७०. कुश्मा नगरपालिकाका विभिन्न स्थानहरुमा देखा पर्न थालेको लागुपदार्थ दुर्व्यसन, मादक पदार्थ सेवन आदी समस्याको न्युनीकरण तथा निवारणका लागी होटल व्यवसायी, मदिरा व्यवसायी तथा प्रहरी प्रशासनसँग समन्वय गरी उपचारात्मक, नियन्त्रणात्मक र सचेतनामुलक कार्यक्रम सञ्चालन गरीनेछ ।

**नगरसभा सदस्य ज्यूहरु,**

**(ढ) लैङ्गिक समानता तथा सामाजिक समावेशिकरणतर्फ**

१७१. महिला सशक्तिकरण मार्फत हरेक क्षेत्रमा महिलाको अर्थपूर्ण सहभागीता सुनिश्चित गर्दै लैङ्किक मुलप्रवाहीकरण तथा सारभूत लैङ्गिक समानताका कार्यक्रम संचालन गरीनेछ ।

१७२. आर्थिक, सामाजिक, सांस्कृतिक रुपले पछाडी परेका वर्गको हितको लागि संरक्षणमुलक कार्यक्रम संचालन गरीनेछ।

१७३. बालअधिकारको सुनिश्चितताका लागि बालमैत्री स्थानीय शासन संचालन गर्नका लागि पहल गरीनेछ ।

१७४. कुश्मा नगरपलिका भित्र रहेका मध्यम अपाङ्गगता ( ग) वर्गको परिचयपत्र प्राप्त गरेका व्यक्तिहरुका लागि निशुल्क रुपमा स्वास्थ्य बिमा कार्यक्रम संचालन गरीनेछ ।

१७५. दलित, आदिवासी जनजाति, अल्पसंख्यक र सिमान्तकृत वर्गको सीप, कला, संस्कृती संरक्षण र प्रवर्द्धन गरी पेशा एवं व्यवसायलाई संरक्षण र आधुनिकीकरण गरीदै लगिने छ ।साथै लोपोन्मुख सीप तथा प्रविधिहरुको संरक्षण, प्रवर्द्धन र अन्तरपुस्ता सीप हस्तान्तरण कार्यक्रमलाई अगाडि बढाइनेछ ।

१७६. दलित क्षमता विकास कोष स्थापना गरी कोष संचालन कार्यविधि बनाई दलित शसक्तीकरण कार्यक्रम सञ्चालन गरीनेछ।

१७७. हिंसा प्रभावित व्यक्तिहरुलाई पारिवारिक, सामुदायिक पुनर्मिलन र पुन:स्थापनाका लागि अल्पकालीन आश्रय (सेफ हाउस) स्थलको स्थापना तथा संचालन कार्यलाई आगामी आर्थिक वर्ष पनि निरन्तरता दिइनेछ।

१७८. उत्पादनशिल क्षेत्रमा महिला सहभागिता तथा उद्यमशिलता अभिवृद्धि गरी स्वरोजगार सुनिश्चतता गरीनेछ ।

१७९. अपाङ्गगता भएका व्यक्तिहरुले व्यवसाय दर्ता गर्दा लाग्ने दर्ता शुल्कमा १५ प्रतिशत छुट दिइनेछ ।

१८०. राष्ट्रपति महला सशक्तिकरण कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गरीनेछ ।

१८१. ज्येष्ठ नागरीकमा रहेको ज्ञान, सीप, क्षमता र अनुभवलाई युवा पुस्तामा हस्तान्तरण गर्नका लागि अन्तरपुस्ता सीप हस्तान्तरण लगायत विभिन्न कार्यक्रमहरु संचालन गरीने छ ।ज्येष्ठ नागरीकको जीवनयापन सहज बनाउनका लागि ज्येष्ठ नागरीक विश्राम गृह, दिवा सेवा केन्द्र, मिलन केन्द्र स्थापना तथा संचालन कार्यलाई निरन्तरता दिइनेछ ।यस्ता केन्द्रमा धार्मिक तथा सामाजिक गतिविधि संचालन गर्नका लागि आवश्यक आध्यात्मिक प्रवचन तथा मनोरञ्जनका लागि आवश्यकता बमोजिम सामग्री उपलब्ध गराईनेछ।

१८२. पहुँचयुक्त प्रविधि, ब्रेल लिपी तथा दोभाषे र साङ्केतिक भाषाको विकासमा विशेष जोड दिइनेछ।

१८३. अपाङ्गता भएका व्यक्तिहरुको अधिकार संरक्षण, प्रवर्द्धन तथा सशक्तिकरणका लागि समुदायमा आधारित पुनर्स्थापना **( CBR )** कार्यक्रम संचालन गरीनेछ ।

१८४. कुश्मा नगरपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण **( GESI Audit )** परिक्षण गरीनेछ ।

१८५. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति निर्माण गरीनेछ, लैङ्गिक उत्तरदायी बजेटको मूल्याङ्कन गरीनेछ ।

१८६. लैङ्गिक हिंशा विरुद्ध शून्य सहनशीलताको नीति पूर्णरुपमा व्यवहारमा कार्यान्वयनका गरीनेछ।

१८७. कुश्मा नगरपालिका वडा नं. ७ र ९ मा निर्माण सम्पन्न भएका ज्येष्ठ नागरीक भवनमा ज्येष्ठ नागरीकमैत्री कार्यक्रम संचालन गर्न प्रबन्ध मिलाईनेछ ।

**नगरसभा सदस्यज्यूहरु,**

**(ण)सामाजिक सुरक्षा तथा पञ्जिकरणतर्फ**

१८८. सामाजिक सुरक्षा भत्ता वितरणमा प्रभावकारिता ल्याउन बैंकहरुसँग समन्वय गरी रिफण्ड शून्यमा ल्याइनेछ साथै सामाजिक सुरक्षा भत्ता बैंकहरुद्वारा नै वडास्तरबाट वितरणको लागि आवश्यक पहल गरीने छ।

१८९. सामाजिक सुरक्षा भत्ता लाभग्राहीहरुको खातामा सिधै रकम प्रदान गर्न **EFT (Electronic Fund Transfer system)** लागु गर्न डाटा शुद्दिकरण तथा अन्य संरचना तयार गरीनेछ ।

१९०. सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको **Biamatrix Verification** को लागी अनिवार्य गरीएको राष्ट्रिय परिचयपत्र प्राप्तिका लागि जिल्ला प्रशासन कार्यालय पर्वतसँग समन्वय गरी लाभग्राहीलाई सहजिकरण गरीनेछ । ।

१९१. व्यक्तिगत घटनादर्तालाई शतप्रतिशत बनाउन व्यक्तिगत घटना दर्ता सप्ताह मनाउने तथा समुदायस्तरमा जनचेतनामुलक कार्यक्रम संचालन गरी ३५ दिन भित्र व्यक्तिगत घटनादर्ता गर्न प्रोत्साहन गरीनेछ ।

१९२.सामाजिक सुरक्षा तथा ब्यक्तिगत घटना दर्ता सम्बन्धी प्रत्येक वडामा अभिमुखिकरण तथा क्षमता विकास कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

**नगरसभा सदस्य ज्यूहरु,**

**(त) पूर्वाधार विकास तर्फ**

१९३. कुश्मा नगरपालिका वडा नं. १ र वडा नं. १४ को वडा कार्यालयको भवन निर्माणको कार्य यसै वर्ष सम्पन्न गरी नयाँ भवनबाट सेवा प्रवाह गरीनेछ ।

१९४. कुश्मा नगरपालिका वडा नं. २ र वडा नं. ९ को स्वास्थ्य चौकी भवनको निर्माण कार्यलाई अगाडी बढाइनेछ । साथै प्रदेश सरकारको समन्वयमा कुश्मा नगरपालिका वडा नं. १ को स्वास्थ्य चौकी भवन निर्माणको कार्यलाई यसैवर्ष सम्पन्न गरीनेछ साथै आफ्नो भवन नभएका स्वास्थ्य संस्थाहरुमा क्रमशः भवन निर्माणका लागि पहल गरीनेछ ।

१९५. संघीय सरकारबाट आ.व. २०८१/०८२ का लागि समपूरक अनुदानमा प्राप्त भएको भिरमुनि-रिमालचोक सडक र संघीय सरकार विशेष अनुदान अन्तर्गत कुश्मा नगरपालिका वडा नं. १३ को **एक घर एक धारा** निर्माण कार्यालाई निरन्तरता दिइनेछ ।

१९६. प्रदेश सरकार समपुरक अनुदानतर्फ कुश्मा नगरपालिका वडा नं. १३ को खौला मा.वि. अधेरी नेटा सडक, विशेष अनुदान तर्फ पत्थरखोला पाङ्ग सिचाई आयोजनालाई कुश्मा नगरपालिका वडा नं. १ निर्माणकार्यलाई प्राथामिकताका साथ अगाडी बढाइनेछ ।

१९७. कुश्मा नगरपालिका वडा नं. १४ मा रहेको प्राकृतिक, धार्मिक तथा ऐतिहासिक दृष्टिकोणले प्रशिद्ध रहेको पञ्चासे क्षेत्रको एकिकृत विस्तृत परियोजना प्रतिवेदन **( D.P.R)** तयार गरीनेछ ।

१९८. नगरभित्र भएका सिँचाई आयोजनालाई नियमित रुपमा मर्मत सम्भार गरीनेछ ।

१९९. कुश्मा नगरपालिकाका सबै वडाहरु समेट्ने गरी रिङ रोड निर्माणको सम्भाव्यता अध्ययन गर्ने कार्यलाई अगाडी बढाइनेछ ।

२००. छमर्के- घुम्ति- खुर्कोट- पाङ नुवार हुदै दमुवा खोला जोड्ने सडकलाइ स्तरोन्नती एवम् कालोपत्रे गरी बैकल्पिक कुश्मा बेनी सडकको रुपमा विकास गरीनेछ ।

२०१. कुश्मा नगरपालिका क्षेत्रभित्र पर्ने मध्यपहाडी लोकमार्गको सडक सौन्दर्यकरण एवं रेखदेख र संरक्षण अभियानमा स्थानीय वडा र उपभोक्तलाई सहभागी गराउन **हाम्रो सुन्दर सडक हाम्रै** पहलमा कार्यक्रम सञ्चालन गरीनेछ ।

२०२. कुश्मा वजारको खानेपानी आपूर्तीलाइ दिगो रुपमा व्यवस्थापन गर्न मुहानको खोजी गर्ने र उच्च क्षमताको पानी टयान्की निमार्णका लागी आवश्यक सरोकारवाला निकायहरु समन्वय तथा सहजिकरण गरीनेछ ।

२०३. नगरपालिकाको बढ्दो शहरीकरण तथा बजारीकरणको चापलाइ मध्यनजर गर्दै प्रदेश तथा सघिय सरकारसँगको समन्वयमा खानेपानी तथा ढल निकासको दीर्घकालीन गुरुयोजना निर्माण गरी कार्यान्वयन गरीनेछ ।

२०४. पालिकाका १४ वटै वडामा सरल र सहज रुपमा सडकको पहुँच पुस्याउनका लागि संघ र प्रदेश सरकारसँग समन्वय गरी दोविल्ला ठूलिपोखरी-खौला- कार्किनेटा सडक र दोविल्ला पकुवा-गंगटे-आर्थर सडक निर्माणको कार्यलाई तिव्रताका साथ अगाडी बढाइनेछ।

२०५. संघीय सरकारको सहयोगमा कुश्मा नगरपालिका वडा नं १ को सहश्रधारा तल्लो चौर सडक, वडा नं. २ को हिमालय मा.वि सिम्लेघारी सडक, लक्ष्मीमन्दिर चोक बास्तोला टोल गहिरा सडक स्तरउन्नती र मरेपिपपल सालघारी केटीचौर सडक, कुश्मा नगरपालिका वडा नं. ८ को स्वास्थ्यचौकी मराङसिङ्ग पोखरा बाग्लुङ्ग राजमार्गदिखी गैरावारी हुदै वडा कार्यालय जोड्ने सडक, वडा नं. ९ नरम्टो, चाचरीचोक भारतीखोर लाम्पाटा सडक, साइकलचोक हरहरेको डिल मोदिवेणी सडक, कुश्मा नगरपालिका वडा नं. ११ को अम्बोट ओकादी खोला सडकको भौतिक पूर्वाधार निर्माणको कार्यलाई तिव्रताका साथ अगाडी बढाईनेछ ।

२०६. कुश्मा नगरपालिका अन्तर्गत निर्माणाधिन दमुवा खोला-पाङ-खुर्कोट-अम्बोट सडक, दोबिल्ला-पकुवा सिल्मी-ठुलीपोखरी खौला कारबारे-आर्थरडांडाखर्क-पन्चासे सडक र कुश्मा-कटुवाचौपारी-पिपलटारी-खौला-कार्कीनेटा सडक कालोपत्रे कार्य क्रमश सम्पन्न गरीनेछ ।

२०७. संघ सरकारको सहयोगमा नगरपालिकाको वडा नं. २ को केटीचौर बुधेखोला —हिमालय मा.वि सडक निर्माण, थानापति-छिपछिपे सडक, भौतिक निर्माणको कार्यलाई आगामी आ.व.मा अगाडी वढाईनेछ ।

२०८. सघन शहरी विकास कार्यक्रम अन्तर्गत कार्यान्वयन भएका शहरी पूर्वाधारका विभिन्न योजनाहरु कुश्मा नगरपालिका वडा नं. १ को वडा कार्यालय भवन, वडा नं. ५ को बहुउद्धेश्यिय भवन, वडा नं. ८ को विष्णुवाटिका पार्क र विभिन्न वडाका सडक पूर्वाधारका कामलाई गुणस्तरियता कायम गरी तोकिएको समयसिमाभित्र कार्य सम्पन्न गर्न आवश्यक समन्वय गरीनेछ ।

२०९. शहरी सुरक्षा प्रणालीलाई मजबुद बनाउदै अपराध नियन्त्रण तथा शहरी सुशासन कायम गर्न, कुश्मा नगरपालिकाका बजार क्षेत्रका साथै अन्य वडामा पनि सडक वत्तिको पहुँच विस्तार, वडा नं. ६ शिवालय चोकमा मास्क लाईट जडान गरीनेछ । साथै बजार क्षेत्रका मुख्य मुख्य स्थानहरुमा **C.C.T.V. Camera** जडान कार्य विस्तार गरीनेछ ।

२१०. कुश्मा नगरपालिका क्षेत्र भित्र निर्माण भएका सम्पूर्ण घरहरुलाई अनिवार्य रुपमा नक्सा पास गरेर मात्र भवन निर्माण गर्नमा जोड दिई नक्सा पास कार्यलाई व्यवस्थित र प्रविधिमैत्री बनाईनेछ ।साथै कुश्मा नगरपालिकाभित्रका २०७२ साल भन्दा अगाडी नक्सा पास नगरी निर्माण भएका घरहरुको अभिलेखिकरण गर्ने कार्यलाई प्राथामिकताका साथ अगाडी बढाइनेछ ।

२११. संघीय सरकार र प्रदेश सरकारको समन्वयमा कुश्मा नगरपालिकाको खानेपानी, सरसफाई र स्वच्छता **( WASH)** योजना तयार गर्ने कार्य अगाडी बढाइनेछ ।

२१२. योजनावद्ध शहरी पूर्वाधार विकासका माध्यायबाट नगरका ग्रामीण क्षेत्रहरुमा पूर्वाधार विकास एवं समाजिक सेवामा सम्वद्ध निकायहरु बीच समन्वय कायम गर्दै भौतिक, सामाजिक तथा आर्थिक सम्बन्धको माध्यामबाट शहरी- ग्रामिण अन्तरसम्बन्धलाई अभिवृद्धि एवम् सुदृढ गरीनेछ ।

२१३. शहरोउन्मुख ग्रामीण क्षेत्रमा शहरी पूर्वाधार विकास गर्दा स्थानीय कला, संस्कृति र पहिचानलाई प्राथमिकता दिने नीति लिइनेछ।

२१४. नगर क्षेत्रभित्रका सडकहरुको विकास, विस्तार र स्तरोन्नती गर्न नगर स्तरीय यातायात व्यवस्थापन गुरुयोजना **(MTMP)** लागु गरी सोहि बमोजिम सडकको निर्माण, विकास र विस्तार गरीनेछ ।

२१५. नगरपालिका भित्र निर्माण हुने सम्पूर्ण भौतिक पूर्वाधार आयोजनाहरुको गुणस्तर सुनिश्चित गर्न नगरपालिकाको आफ्नै गुणस्तर परिक्षण प्रयोगशाला (ल्याव) को स्थापना गर्न पहल गरीनेछ ।

**नगरसभा सदस्य ज्यूहरु,**

**(थ) वन वातावरण तथा विपद् जोखिम तथा फोहोरमैला व्यवस्थापनतर्फ**

२१६. सम्भावित विपद् तथा जलवायु परिवर्तनको जोखिम कम गर्न विपद्को समयमा आपत्कालिन कार्य सम्पादन गर्न प्रभावकारी प्रतिकार्य र विपद् पश्चात पुनर्स्थापना तथा पूर्ननिर्माणका लागि दिशानिर्देश गर्नका लागि स्थानीय विपद् तथा जलवायु उत्थानशिलता योजना तर्जुमा गरी लागु गरीनेछ ।

२१७. संघ सरकार र प्रदेश सरकारको समन्वयमा जोखिममा परेका वस्तिहरुको पहिचान गरी त्यस्ता बस्तीहरुको संरक्षण तथा वस्ती स्थानान्तरण लगायतका उपर्यूक्त व्यवस्था गर्नको लागि आवश्कय अध्ययन, अनुसन्धान, योजन तथा कार्यक्रम निर्माण बजेट तथा स्रोत साधनको व्यवस्था गरीनेछ ।

२१८. प्राकृतिक तथा गैरप्राकृतिक विपद्बाट हुन सक्ने जोखिम न्यूनिकरण तथा व्यवस्थापनका विपद् व्यवस्थापन कोषको संरचना सम्बन्धी कार्यविधि बनाई लागु गरीनेछ । साथै विपदवाट प्रभावित व्यक्तिलाई प्रदान गरीने राहत वितरणलाई छिटो, छरितो, चुस्त र प्रभावकारी बनाइनेछ ।

२१९. विपदबाट सर्वसाधारणको जिउज्यान, सार्वजनिक निजी तथा व्यक्तिगत सम्पत्ति, प्राकृतिक तथा सांस्कृति सम्पदा र भौतिक संरचनाको संरक्षण गर्नु हामी सबैको कर्तव्य हो । उक्त विपद्का घटनाहरु घट्न नदिन तथा विपद न्यूनिकरणका लागि विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना सम्बन्धी विभिन्न कार्यहरु संचालन गरीनेछ । साथै विपदजन्य घटनबाट भएको हुनसक्ने क्षतिको जानकारी प्राप्त गर्न सूचना तथा सञ्चार गर्न, खोज, उद्धार र राहत व्यवस्थापनलाई प्रभावकारी वनाउन स्थानीय आपदकालिन कार्य संचालन केन्द्र ( LEOC) स्थापना गरी संचालन गर्न आवश्यक पहल गरीनेछ ।

२२०. हरेक वर्ष विपद्का घटनाहरुबाट नगरपालिकाले ठुलो मानवीय तथा भौतिक क्षतिको सामना गर्नु परेको अवस्थालाई मध्यनजर गर्दै विपद्का घटनाबाट हुने क्षतिलाई कम गर्न विकास

साझेदारहरुसँगको सहकार्यमा नगरपालिकाका अति जोखिमयुक्त र संकटग्रस्त क्षेत्रको अध्ययन गरी विपद् जोखिम न्यूनीकरण कार्ययोजना तयार गरी पूर्ण रुपमा कार्यान्वयन गरीनेछ ।

२२१. विपद् पश्चात तत्काल राहत उद्धार र पुर्नस्थापनका लागि नगर विपद् व्यवस्थापन समिति र वडा विपद् व्यवस्थापन समितिलाई क्रियाशिल बनाइनेछ ।

२२२. नगरपालिकाभित्र रहेका परम्परागत ताल, पोखरी, कुण्ड, बर पिपल शमीका रुख चौतारीहरुको लगत खडा गरी अध्यावधिक गरी राखिनेछ साथै स्थानीयबासीसंगको सहकार्यमा संरक्षणमुलक कार्यक्रम संचालन गरीनेछ ।

२२३. संघ प्रदेश र स्थानीय तहको लागत साझेदारीमा मनसुनजन्य विपद् तथा आगालागिजन्य विपदबाट प्रभावित निजी घर/आवासको पुननिर्माण र पुर्नस्थापना गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

२२४. निजी क्षेत्रसँगको सहकार्य र साझेदारीमा फोहोरमैला उत्सर्जनमा न्यूनिकरण तथा स्रोतमै वर्गीकरण गरी पुनःप्रयोग एवम् पुनःचक्रिय **( Reduce, Reuse, Recycle & Compost)** फोहोरमैला व्यवस्थापन गर्ने नीति लिइनेछ ।

२२५. कुश्मा नगरपालिकाको लागि तयार भएको **Land Hezard Map** तथा **Land Use Plan** को प्रभावकारी कार्यान्वयन गरीनेछ ।

२२६. **पूर्ण सरसफाई सुनिश्चित गरी सफा कुश्मा स्वच्छ कुश्मा बजार निर्माण गर्न** घुम्ति शौचालय प्रयोगमा ल्याइनेछ ।

२२७. फोहोरमैलाको व्यवस्थापन गर्ने कला र सिप प्रत्येक व्यक्तिमा विकास हुने गरी समुदायस्तरमा फोहोरमैला व्यवस्थापन सम्बन्धी तालिम तथा अभिमुखिकरण गरीनेछ । फोहोरमैला व्यवस्थापन केन्द्रलाई सिकाई केन्द्रका रुपमा विकास गरीनेछ ।

२२८. कुश्मा नगरपालिका कार्यालयमा फोहोरमैला व्यवस्थापन शाखा स्थापना गरी आवश्यक कर्मचारीको व्यवस्था गरी फोहोरमैला व्यवस्थापनलाई थप प्रभावकारी बनाईनेछ ।

२२९. हाल फोहोरमैला संकलन गरीने कुश्मा नगरपालिका वडा नं. ४ मा रहेको **Land field Site** मा कुहिने र नकुहिने फोहोरलाई प्रशोधन गरी पुन प्रयोगमा ल्याउनको लागी संभाव्यता अध्यायन गरी आवश्यक प्रक्रिया अगाडी बढाइनेछ ।

२३०. फोहोरमैला संकलनको क्षेत्र विस्तार गरी कुश्मा नगरपालिका वडा नं. १, २, ८ र ९ बाट समेत नियमित फोहोर संकलन गरीनेछ ।

२३१. प्रत्येक नागरीकहरुको स्वस्थ्य र स्वच्छ वातावरणमा बाँच्न पाउने हकलाई मौलिक हकको रुपमा संविधानमा उल्लेख गरीएको छ । वातावरणीय स्वच्छता कायम गर्ने विषय संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार क्षेत्रभित्रको कर्तव्य र जिम्मेवारी हो । प्रदुषण नियन्त्रण, फोहोरमैला व्यवस्थापन र हरियाली प्रर्वद्धन गर्दै स्वच्छ र स्वच्छ वातावरणमा बाँच्न पाउने नागरीक अधिकारको सुनिश्चितता गर्न नगरपालिकाले प्राथामिकताका साथ कार्य गर्नेछ ।

२३२. कश्मा नगरपालिकाको क्षेत्र भित्र रहेका निजी, सरकारी एवं सार्वजनिक जग्गामा समुदायमा आधारित वन र निजी वनका माध्यामबाट वन क्षेत्रको दिगो व्यवस्थापन गरी वन माथिको सामुदायिक तथा निजी अधिकारको सुनिश्चितता, जलवायू परिवर्तन न्यूनिकरण एवं अनुकुलन जैविक विविधता संरक्षण, वातावरणीय सेवाको प्रवर्द्धन र पर्यापर्यटन एवं वन उद्यमको विकास गर्दै वन पैदावारको सदुपयोग र सोबाट प्राप्त लाभको न्यायोचित् बाँडफाँड गर्दै दिगो विकास, सामाजिक तथा आर्थिक समृद्धि र लैङ्गिक तथा सामाजिक न्याय हासिल गर्न कुश्मा नगरपालिकाको वन व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८१ लाई कार्यान्वयन गर्दै दिगो वन व्यवस्थापन गरीनेछ ।

**नगरसभाका सदस्य ज्यूहरु,**

यस गरीमामय सभामा पेश भएको नीति तथा कार्यकमबाट आगामी आर्थिक बर्ष २०८१/०८२ को बजेटलाई समेत मार्ग निर्देशन प्राप्त भई यहि सभामा पेश हुनेछ।

यस गरीमामय सभामा पेश भएको नीती, कार्यक्रम तथा बजेट तर्जुमा गर्न मार्गदर्शन गर्ने एवम् सुझाव तथा पृष्ठपोषण गर्नुहुने नेपाल सरकार, गण्डकी प्रदेश सरकार, विकास साझेदार, नगरमा क्रियाशिल राजनीतिक दल र नीति तथा कार्यक्रमलाई बजेटसँग तादम्यता गर्दै व्यवहारिक र वस्तुपरक नीति छनौटमा सहयोग गर्नुहुने नगर उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, विषयगत समितिका संयोजकहरु, वडा अध्यक्षहरु, कार्यपालिकाका सदस्यहरु तथा नगरसभाका सदस्यहरु, कुश्मा नगरपालिकाका सम्पूर्ण राष्ट्र सेवक कर्मचारीहरु लगायत संचारकर्मीहरु, नागरिक समाज, निजी, सहकारी तथा सामुदायिक संघ, संस्था र नगरवासी सम्पूर्ण आमाबुबा दाजुभाई तथा दिदी बहिनीहरुमा हार्दिक आभार व्यक्त गर्दै नगरवासिको तमाम अपेक्षा र चाहनाको प्रतिविम्ब हुने गरी नागरिकको सबैभन्दा नजिकको अभिभावक र सरकारको भुमिका निर्वाह गर्ने दिशामा नगरबासी र सम्पूर्ण सरोकारवाला निकायबाट भएको साथ, सहयोग, सहकार्य र समन्वयका लागि हार्दिक धन्यबाद प्रकट गर्दछु । आगामी दिनमा पनि यहाँहरुको निरन्तर सहयोग रहने छ भन्ने विश्वास व्यक्त गर्दछु।

**धन्यवाद !**

**रामचन्द्र जोशी**
**नगर प्रमुख**
**२०८१ असार ७ गते शुक्रबार**